अनुसूची- १
(विनियम १२ को उपविनियम (१) सँग सम्बन्धित)

मुद्दती निक्षेप राख्नको लागि गोप्य सिलवन्दी दरभाउपत्र पेश गर्ने सम्बन्धी सूचना

मिति २०८३/०७/२७

यस कोषको लगानी योग्य रकमलाई मुद्दती निक्षेपमा लगानी गर्नको निमित्त नेपाल राष्ट्र बैंकबाट बैंकिङ्ग कारोबार गर्न स्वीकृति प्राप्त "क" वर्गको वाणिज्य बैंकबाट मिति २०८३/०८/०२ गते बुधबार दिउँसो १२:०० बजे भित्रमा कोषको पुल्चोक, ललितपुर स्थित कर्जा, लगानी तथा ट्रेजरी व्यवस्थापन विभागमा प्राप्त हुनेगरी आवश्यक विवरण पूर्ण रुपले उल्लेख गरी हालै प्रकाशित वित्तीय विवरणको प्रतिलिपि समेत संलग्न गरी गोप्य सिलबन्दी दरभाउपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

सिलबन्दी दरभाउपत्रको फाराम कोषको वेभसाईट www.epf.org.np बाट डाउनलोड गरी प्राप्त गर्न सकिने छ ।सूचनामा तोकिएको दरभाउपत्रको मान्य अवधि बढिमा ३३(तैतीस) दिन हुनु पर्नेछ ।बैंकलाई नयाँ निक्षेप आवश्यक भएमा संलग्न अनुसूची २ अनुरुपको सिलबन्दी दरभाउपत्र भरी पेश गर्नु पर्नेछ । यसरी पेश गरिएको सिलबन्दी दरभाउपत्रको खामको जोर्नीमा आधिकारिक हस्ताक्षर गरिएको हुनु पर्नेछ ।

प्राप्त सिलबन्दी दरभाउपत्रहरु मिति २०८३/०८/०२ गते दिनको १२:०० बजेपछि र सो दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट सोहि समयमा खोलिनेछ । सिलबन्दी दरभाउपत्र पेश गर्ने बैंकले दरभाउपत्रमा उल्लेखित ब्याजदर तथा माग गरेको रकम सो दरभाउपत्रको मान्य अवधि भित्र कार्यान्वयन गर्न अस्वीकार गरेमा भविष्यमा कोषले सो बैंकलाई मुद्दती निक्षेप राख्नको लागि गोप्य सिलबन्दी दरभाउपत्र लिने प्रकृयामा समावेश नगर्ने निर्णय गर्न सक्नेछ । दरभाउपत्र स्वीकार गर्ने वा नगर्ने अधिकार कोषमा सुरक्षित रहेको छ ।

कर्मचारी सञ्चय कोष
कर्जा, लगानी तथा ट्रेजरी व्यवस्थापन विभाग
पुल्चोक, ललितपुर

अनुसूची - २

(विनियम १२को उपविनियम (२) सँग सम्बन्धित)

श्री कर्मचारी सञ्चय कोष

पुल्चोक, ललितपुर

बिषय : **मुद्दती निक्षेपको लागी शिलबन्दी दरभाउ पत्र बारे ।**

कर्मचारी सञ्चय कोषको लगानीयोग्य रकम बैंकहरूको मुद्दती निक्षेपमा लगानी गर्ने सम्बन्धमा त्यस कोषबाट मिति ..... मा आह्वान भए बमोजिम तपसिलमा उल्लिखित सबै शर्त यस बैकले पूरा गरेको घोषणा गर्दै तपसिलको तालिकामा उल्लेख भए बमोजिमको व्याजदरमा सोही तालिकामा उल्लेख भए बमोजिमको रकम लिन इच्छुक भएकोले सोही प्रयोजनका लागि यो शिलबन्दी दरभाउपत्र पेश गरेका छौं । साथै, यो बैंक सञ्चित नोक्सानीको अवस्थामा नरहेको, नेपाल राष्ट्र बैंकको शीघ्र सुधारात्मक कारबाहीमा नपरेको र समस्याग्रस्त घोषणा नभएको व्यहोरा बैंकको तर्फबाट स्व:घोषणा गर्दछौं ।

प्रस्तावित ब्याजदर (अंक र अक्षर दुवैमा)	अवधि	लिन चाहेको रकम (रू.करोडमा)		प्रस्ताव मान्य हुने अवधि	व्याज भुक्तानी प्रकृया (मासिक/त्रैमासिक/अन्य)
		न्यूनतम (अंक र अक्षर दुवैमा)	अधिकतम (अंक र अक्षर दुवैमा)		

यस .....लि.को मिति .....को त्रैमासिक वित्तीय सूचकाङ्क यस प्रकार रहेको छ

क्र.सं	बिवरण	वित्तीय सूचकाङ्क
१	पुँजीकोष अनुपात (Capital fund to RWA)	
२	कर्जा निक्षेप अनुपात (CD Ratio)	
३	निष्क्रिय कर्जा (Non Performing Loan-NPL)	
४	प्रति शेयर कितावी मूल्य(Net worth Per Share)	
५	कुल निक्षेप रू. (Total Deposit Rs.)	
६	पुँजीकोष रू. (Capital Fund Rs.)	
७	सञ्चित नोक्सानीको अवस्थामा रहेको/नरहेको	
८	नेपाल राष्ट्र बैंकको शीघ्र सुधारात्मक कारबाहीमा परेको/नपरेको	
९	समस्याग्रस्त घोषणा भएको/नभएको	

नोट : यस प्रस्तावको अवधिभरमा बैंकको प्रकाशित ब्याजदर प्रस्तावित ब्याजदर भन्दा बढी भएमा मुद्दती निक्षेप प्राप्त गरेको मितिको प्रकाशित ब्याजदर कायम गर्न मञ्जुर रहेको व्यहोरा समेत अनुरोध छ । आजको मितिमा यस बैंकको प्रकाशित ब्याजदर ..... प्रतिशत (..... अवधिको) रहेको छ । ब्याज भुक्तानी प्रकृया मासिक/त्रैमासिक/अर्धवार्षिक/वार्षिक मात्रहुने र चक्रवृद्धी ब्याज गणना प्रकृया अपनाई प्रदान गरिने ब्याजदर स्वीकार गरिने छैन ।

वाणिज्य बैंकका पदाधिकारीको

दस्तखत : .....

नाम : .....

पद :.....

वाणिज्य बैंकको

नाम : .....

ठेगाना : .....

छाप :